Volume 05, Issue 01, 2026. pp. 97–105
Review Article
DOI: https://doi.org/10.62078/grks.2026.v05i01.008

GS WOW
Wisdom of Worthy Research Journal

# चीत्कार कथामा सीमान्तीयता

**अच्युत उपाध्याय**
सहायक प्राध्यापक, राधा दामोदर संस्कृत विद्यापीठ

**Article Info .**

*Email*
achyut.amritschool@gmail.com

*Article History*
Received: April 22, 2026
Accepted: July 14, 2026

*Cite*
Upadhayaya, A. (2026). चीत्कार कथामा सीमान्तीयता. *GS WOW: Wisdom of Worthy Research Journal, 5*(1), 97–105. https://doi.org/10.62078/grks.2026.v05i01.008

**लेखसार**

प्रस्तुत लेख चीत्कार कथामा चित्रित वादी समुदायका महिलाहरूको सीमान्तीय अवस्थाको विश्लेषणमा केन्द्रित छ। सामाजिक यथार्थवादी तथा प्रगतिवादी कथाकार ध्रुव सापकोटाद्वारा रचित यस कथाले आर्थिक अभाव, सामाजिक विभेद, सांस्कृतिक परम्परा तथा राज्यको उपेक्षाका कारण वादी समुदायका महिलाहरूले भोग्नुपरेका बहुआयामिक समस्यालाई उजागर गर्दछ। अध्ययनको सैद्धान्तिक आधारका रूपमा उत्तरआधुनिक साहित्यमा विकसित सीमान्तीयता अवधारणालाई अवलम्बन गरिएको छ, जसले राज्यशक्ति, स्रोत, अवसर र प्रतिनिधित्वबाट वञ्चित समुदायको जीवन, पहिचान र संघर्षलाई केन्द्रमा राखेर विश्लेषण गर्दछ। कथामा वादी समुदायको जीवनशैली, सामाजिक–सांस्कृतिक मूल्य, पेशागत बाध्यता तथा पुस्तान्तरण हुँदै आएको देहव्यापारको यथार्थलाई प्रभावकारी रूपमा चित्रण गरिएको छ। आर्थिक अभावका कारण वृद्ध महिलाले समेत जीविकोपार्जनका लागि छोरी र नातिनीलाई यही पेशामा प्रवेश गराउनुपर्ने बाध्यता, ग्राहकको प्रतीक्षामा आशा र निराशाबीच बाँच्नुपर्ने अवस्था तथा सामान्य भोजनको कल्पनामै सन्तुष्ट हुनुपर्ने विवशताले उनीहरूको दयनीय आर्थिक यथार्थलाई जीवन्त बनाएको छ। कथामा चौध वर्षीया किशोरीले बूढी बज्यैले देखाएको बाटोलाई आफ्नो भविष्यका रूपमा स्वीकार गर्न बाध्य हुनु सामाजिक संरचना, परम्परा र लैङ्गिक असमानताले सिर्जना गरेको संस्थागत शोषणको स्पष्ट उदाहरण हो। प्रतिनिधित्व, आर्थिक पहिचान, सामाजिक बहिष्करण र सबाल्टर्न चेतनाका आधारमा गरिएको यस विश्लेषणले चीत्कार कथा नेपाली समाजका मूलधारबाट बहिष्कृत वादी महिलाहरूको पीडा, असमानता, अस्तित्वको सङ्घर्ष र मानवीय संवेदनाको सशक्त अभिव्यक्ति भएको निष्कर्ष प्रस्तुत गर्दछ। यस अध्ययनले सीमान्तीकृत समुदायप्रति समाज र राज्यको उत्तरदायित्व तथा समावेशी नीतिको आवश्यकतालाई समेत स्पष्ट रूपमा औँल्याएको छ।

*मुख्य शब्दावली* : चीत्कार कथा, सीमान्तीयता, वादी समुदाय, सवाल्टर्न अध्ययन, आर्थिक शोषण

## विषय परिचय

चीत्कार कथाका रचनाकार कथाकार ध्रुव सापकोटा हुन्। यस कथामा कथाकार सापकोटाले वादी समुदायका महिलाहरूको देह व्यापारसँग सम्बन्धित बाध्यात्मक तथा पीडादायी जीवन परिस्थितिको यथार्थपरक चित्रण गरेका छन्। आर्थिक अभाव, सामाजिक उपेक्षा र राज्यको उदासीनताका कारण वादी समुदायका महिलाहरू आफ्नो इच्छा विपरीत देह व्यापारमा संलग्न हुन बाध्य भएको अवस्थालाई कथामा अत्यन्त मार्मिक र संवेदनशील ढङ्गले प्रस्तुत गरिएको छ। यस कथाले वादी समुदायका महिलाहरूले भोग्नुपरेका सामाजिक, आर्थिक तथा मानसिक पीडालाई जीवन्त रूपमा प्रकट गरेको छ।


Copyright © 2026: Author(s). Published by Gaurishankar Campus

कथामा वादी समुदायको सामाजिक–सांस्कृतिक संरचना, परम्परागत जीवनशैली, प्रचलित मान्यता तथा उनीहरूले भोग्दै आएका विविध समस्याहरूको विषयमा चर्चा गरिएको छ। उनीहरूप्रति राज्यले अवलम्बन गरेको दृष्टिकोण र व्यवहारलाई पनि परिधीय कोणबाट विश्लेषण गरिएको छ। नेपाली समाजमा वादी समुदायका महिलाहरू लामो समयदेखि शोषित, उत्पीडित तथा सीमान्तीकृत वर्गका रूपमा चिनिएका छन्। उनीहरू राज्यका नागरिक भए पनि नागरिकले पाउनुपर्ने आधारभूत अधिकार र अवसरबाट वञ्चित रहँदै आएका छन्। यस अर्थमा राज्यले उनीहरूलाई अनागरिकसरह व्यवहार गरेको अनुभूति कथामा व्यक्त भएको पाइन्छ। वादी समुदायका वास्तविक समस्या, आवश्यकता र अधिकारका विषयमा राज्यको पर्याप्त ध्यान जान सकेको देखिँदैन। फलस्वरूप उनीहरूको जीवन अभाव, असुरक्षा र सामाजिक बहिष्करणको चक्रभित्र सीमित बनेको छ। वास्तवमा उनीहरूलाई समाज र राज्य दुवैबाट उपेक्षित तथा आवाजविहीन नागरिकका रूपमा चित्रण गरिएको छ। यही कारणले उनीहरूको पीडा र संघर्षलाई साहित्यिक विमर्शको केन्द्रमा ल्याउनु आवश्यक देखिन्छ।

सवाल्टर्न उत्तरआधुनिक साहित्य समालोचनाको क्षेत्रमा विकसित एक महत्त्वपूर्ण सिद्धान्त हो। यस सिद्धान्तले समाजका पछाडि पारिएका, उत्पीडित तथा सीमान्तीकृत वर्ग र समुदायका समस्यालाई केन्द्रमा राखेर साहित्यको अध्ययन विश्लेषण गर्दछ। राज्यसत्ता, शक्ति र स्रोतको पहुँचबाट टाढा रहेका तथा सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले कमजोर अवस्थामा रहेका वर्गलाई सवाल्टर्नको संज्ञा दिइन्छ। जातीय, वर्गीय, लैङ्गिक, भौगोलिक तथा क्षेत्रीय आधारमा विभेदमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने तथा समतामूलक र भेदभावरहित समाजको निर्माण गर्ने उद्देश्यका साथ सन् १९९० को दशकदेखि सवाल्टर्न अध्ययनले व्यापकता प्राप्त गरेको देखिन्छ।

पछिल्लो समयमा नेपाली साहित्य तथा साहित्यिक समालोचनाको क्षेत्रमा पनि सवाल्टर्न अध्ययनको प्रभाव उल्लेखनीय रूपमा बढ्दै गएको छ। विशेषतः सीमान्तीकृत समुदायका अनुभव, संघर्ष, पहिचान र अधिकारका विषयलाई केन्द्रमा राखेर साहित्यिक कृतिहरूको पुनर्पाठ गर्ने प्रवृत्ति विकसित भएको पाइन्छ। यसै सन्दर्भमा प्रस्तुत अध्ययनलाई कथाकार ध्रुव सापकोटाको चीत्कार कथामा अभिव्यक्त सवाल्टर्न चेतना, सीमान्तीय अवस्था तथा वादी समुदायको प्रतिनिधित्वको खोजी र विश्लेषण गर्ने विषयमा केन्द्रित गरिएको छ।

## अध्ययन विधि

यस लेखलाई पुस्तकालीय अध्ययन विधिको आधारमा सम्पन्न गरिएको छ। अध्ययनका क्रममा चीत्कार कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा ग्रहण गरिएको छ भने सवाल्टर्न अध्ययनसँग सम्बन्धित स्थापित सैद्धान्तिक मान्यता, समालोचनात्मक लेख, अनुसन्धानमूलक कृति तथा अन्य सान्दर्भिक सामग्रीलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ। प्राप्त सामग्रीहरूको अध्ययन गरी पाठ विश्लेषण पद्धतिका आधारमा तिनको व्याख्या तथा विश्लेषण गरिएको छ। यस अध्ययनमा विशेषतः सवाल्टर्न अध्ययन अन्तर्गत सीमान्तीकृत समुदायका महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको खोजी र विश्लेषण गर्ने प्रयास गरिएको छ। प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार सवाल्टर्न अध्ययनको अवधारणात्मक मान्यता रहेको छ। यही मान्यतालाई सामग्री विश्लेषणको प्रमुख आधार बनाएर चीत्कार कथामा निहीत वादी समुदायका महिलाहरूको जीवन यथार्थ, उनीहरूले भोगेका विभेद तथा उत्पीडनका विविध पक्षहरूको अध्ययन गरिएको छ।

सोही आधारमा कथामा सवाल्टर्न बन्न पुगेका वादी महिलाहरूको आर्थिक, जातीय तथा सामाजिक अवस्थाको विश्लेषण गरिएको छ। अध्ययनका क्रममा उनीहरूको गरिबी, सामाजिक बहिष्करण, जातीय पहिचानका कारण भोग्नुपरेका समस्याहरू तथा राज्य र समाजबाट भएका उपेक्षाका पक्षहरूलाई विशेष रूपमा केलाइएको छ। समग्रमा आर्थिक, जातीय र सामाजिक सवाल्टर्नका अवधारणाहरूलाई केन्द्रमा राखेर चीत्कार कथाको व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

**अवधारणात्मक प्रारुप**

अङ्ग्रेजी शब्द सवाल्टर्नले सदियौदेखि शोषित आवाजविहीन तथा इतिहास विहीन बर्गलाई जनाउँछ । नेपालीमा सवाल्टर्न शब्दलाई सीमान्तीकृत शब्दले बुझ्न्छ। सीमान्तीकृत शब्दले मूलतः राज्यबाट पिछडिएका वर्गलाई बुझाउँछ । राज्यको शक्तिसम्म पहुँच नहुने, विस्थापित र आवाजविहीन वर्गहरू यसमा पर्दछन् । दक्षिण एसियाको भारतबाट सन् १९७० को दशकदेखि चर्चामा आएको सबाल्टर्नले सन् १९८२ देखि सामूहिक रूपमा सवाल्टर्न अध्ययनको अभियानका रूपमा अगाडि बढेको देखिन्छ । सवाल्टर्न अध्ययनलाई उत्तर औपनिवेशिक पृष्ठभूमिसँग पनि जोडेर हेर्ने गरिएको छ । इटालियन कम्युनिस्ट अन्टोनियो ग्राम्सीले उत्तर औपनिवेशिक उपभोक्तावादी सस्कृतिको सन्दर्भमा सवाल्टर्नलाई अर्थ्याउने प्रयास गरेका छन् । त्यसक्रममा सवाल्टर्न शब्दले गौण, अधीनस्थ, दास मातहतको व्यक्ति वा वर्गलाई जनाउँछ भनेका छन् (श्रेष्ठ, २०६८ पृ. १८) । ग्राम्सीका विचारमा सवाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधै अधीनस्थ र पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगको वस्तुसमेत बन्न पुग्छन् । यसरी ग्राम्सीका धारणामा सवाल्टर्न भनेको तल्लो तह हो । उनीहरू उपेक्षित दलित, पिछडिएका, हेपिएका, दबाइएका, शोषित, उत्पीडित, महिला तथा बालबालिका लगायत समाजका हरेक तह र तप्कामा परिधिका स्थितिमा रहेका हुन्छन् । उनीहरूले राज्य वा समुदायको केन्द्रमा आउन नसक्ने, श्रमजीवी र तल्लो वर्गको प्रतिनिधित्व गर्दछन् । सवाल्टर्नका सन्दर्भमा ग्राम्सीको दृष्टिकोणलाई अझै विस्तार गर्ने काम गायत्री स्पीभाकले गरेकी छन् । उनले सवाल्टर्नका सन्दर्भमा बृहत् चिन्तन प्रस्तुत गरेकी छन् । गायत्री चक्रवर्ती स्पिभाकको क्यान द सवाल्टर्न स्पिक भन्ने निबन्धमा उनले आर्थिक लगायत सास्कृतिक दृष्टिकोणबाट पनि सवाल्टर्न चेतनाका विषयमा चर्चा गरेकी छन् (सुवेदी, २०७१ पृ.२५) । सवाल्टर्न एउटा स्थिर विषय होइन । यसमा कुनै व्यक्ति एक परिवेशमा सवाल्टर्नका रूपमा देखापर्दछ भने अर्को परिवेशमा ऊ गैर सवाल्टर्नका रूपमा पनि उभिन सक्ने अवस्था रहन्छ। उनले सवाल्टर्नको स्थिति सस्कृति र समाज सापेक्ष हुन्छ भन्ने मान्यता उनले प्रस्तुत गरेकी छन् । जाति, लिङ्ग, धर्म, पेशा रङ्गका आधारमा हुने उपेक्षालाई पनि उनले सवाल्टर्न वर्गभित्रै राखेकी छन् । सवाल्टर्नले दमित, शोषित र उत्पीडित अधीनस्थताका आधारमा समाज, जनता र राष्ट्रलाई पनि बुझाउन सक्दछ। यसर्थ जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा, भौगोलिक विकटता आदिको आधारमा सवाल्टर्नको अध्ययन विश्लेपण गर्न सकिन्छ। प्रशासनमा तल्लो तहका कर्मचारी, समाजमा मूल धारबाट पछाडि पारिएका महिलाहरू, कथित तल्लो जातिका मान्छेहरु, बाँच्नका लागि शरीरको बिक्री गर्न बाध्य महिलाहरू, कुनै पेशा र रोजगारी नभएर भोक भोकै जीवन गुजार्न बाध्य विभिन्न समूहहरू सबै सवाल्टर्नभित्र पर्दछन् (बराल, २०७३ पृ. १०९) । पहिलो कुरा त उनीहरूको आवाज हुँदैन, दोस्रो कुरा आवाज भएर पनि उनीहरूको आवाज सम्बन्धित निकायले नसुनेपछि आवाजविहीन बन्न पुग्दछन् । उनीहरू राज्यको नागरिक भएर पनि राज्यका सम्पूर्ण सुख, सुविधा र अधिकारवाट वञ्चित बन्न पुग्दछन्। राष्ट्रको ध्यान र दृष्टिकोण त्यसवर्गमा पुग्न सक्दैन र उनीहरू राज्यभित्रै अनागरिक भएर बाँच्न बाध्य भएका छन्। तिनैलाई समेट्ने सिद्धान्त वा अवधारणालाई सवाल्टर्न चेतना भनिन्छ। यो स्थानीयता आधारित र समय सान्दर्भिक पनि हुन्छ। यसका क्षेत्रहरू विविध प्रकृतिका हुन्छन् । ती मध्ये मूलत : आर्थिक, वर्गीय, सामाजिक, सास्कृतिक र लैङ्गिक सबाल्टर्नका स्वरूपहरू मुख्य मानिन्छ । यी क्षेत्रहरूमा हुने शोषण, दमन, भेदभाव आदिका विषयहरू यसभित्र आउँछन् (श्रेष्ठ, २०६८ पृ. १९) । कमजोर आर्थिक अवस्थाका कारणले व्यक्तिको जीवनमा यो समस्या आउँछ । ऊ सामाजिक हिसाबले उपेक्षित हुनुमा पनि गरिवी नै मुख्य कारण बन्न आउँछ। समाजमा आर्थिक रूपमा सम्पन्न र विपन्न गरी दुई वर्गका मानिस हुन्छन् । जहिले पनि सम्पन्न बर्गबाट विपन्न वर्ग सवाल्र्टनको स्थितिमा रहनु पर्ने अवस्था कायम हुन्छ । गरिबीकै कारणले समाजमा उपल्लो वर्गकाले तल्लो वर्गकालाई गर्ने व्यवहार अमानवीय प्रकृतिको हुन्छ।

सवाल्टर्न चेतना विशेषतः समाजका उपेक्षित, सीमान्तीकृत तथा पछाडि पारिएका व्यक्तिहरूको आर्थिक,

सामाजिक र सांस्कृतिक जीवन–भोगाइसँग सम्बन्धित अवधारणा हो। यसले समाजका त्यस्ता वर्गहरूको अवस्था, अनुभव, पीडा, संघर्ष र अस्तित्वको अध्ययन गर्दछ, जो राज्य तथा समाजको मूलधारबाट बाहिर पारिएका हुन्छन्। यो स्थानीयतामा आधारित हुनुका साथै समयसापेक्ष पनि हुन्छ, किनकि कुनै समाज वा समयविशेषमा सवाल्टर्न मानिने वर्ग अर्को समाज वा परिवेशमा फरक रूपमा पनि देखिन सक्छ (सुवेदी, २०७१ पृ.२६) । त्यसैले सवाल्टर्न चेतनालाई समाज, संस्कृति र समयको सन्दर्भमा बु ्न आवश्यक हुन्छ। यसका क्षेत्रहरू विविध प्रकृतिका हुन्छन्। तीमध्ये मुख्य रूपमा आर्थिक, जातीय, वर्गीय, सामाजिक, सांस्कृतिक तथा लैङ्गिक सवाल्टर्नका स्वरूपहरूलाई महत्त्वपूर्ण मानिन्छ । यी क्षेत्रहरूमा हुने शोषण, दमन, विभेद, बहिष्करण तथा असमान व्यवहारलाई सांस्कृतिक अध्ययनको विषयवस्तुभित्र समेटिएको पाइन्छ। समाजमा विद्यमान शक्ति संरचना र प्रभुत्वको प्रभावका कारण केही वर्गहरू निरन्तर रूपमा अवसरबाट वञ्चित रहन पुग्छन्, यसले उनीहरूलाई सवाल्टर्नको अवस्थातर्फ धकेल्ने काम गर्दछ।

कमजोर आर्थिक अवस्थाका कारण व्यक्तिको जीवनमा अनेकौँ समस्या उत्पन्न हुन्छन् । आर्थिक अभावले व्यक्तिको जीवनस्तर मात्र खस्कँदैन, उसको सामाजिक प्रतिष्ठा र अवसरमा पनि प्रत्यक्ष प्रभाव पार्दछ। सामाजिक हिसाबले व्यक्ति उपेक्षित बन्नुमा गरिबी एउटा प्रमुख कारणका रूपमा देखापर्दछ । समाजमा सम्पन्न र आर्थिक रूपमा विपन्न वर्गका मानिसहरू सँगसँगै बसोबास गरे पनि अवसर, सम्मान र पहुँचको दृष्टिले उनीहरूबीच ठूलो असमानता रहेको हुन्छ। प्रायः सम्पन्न वर्गको प्रभुत्व रहने भएकाले विपन्न वर्ग सवाल्टर्नको स्थितिमा रहन बाध्य हुन्छ (बराल, २०७३ पृ. ११०) । गरिबीकै कारण समाजका उच्च वर्गबाट गरिने व्यवहार कतिपय अवस्थामा अमानवीय, अपमानजनक तथा विभेदपूर्ण प्रकृतिको समेत हुन सक्छ । यसरी आर्थिक कारणले सवाल्टर्न वर्गका व्यक्तिहरू उपेक्षित र संघर्षपूर्ण जीवन बाँच्न बाध्य हुन्छन्।

सामाजिक रूपमा पनि यस्ता व्यक्तिहरूले आफ्नो अस्तित्व कायम राख्न निरन्तर संघर्ष गरिरहनुपर्छ । बाँच्नका लागि दिनरात पसिना बगाएर कठोर श्रम गरे तापनि समाजले उनीहरूको योगदानलाई अपेक्षित महत्त्व दिँदैन । श्रमजीवी वर्गको श्रमबाट नै समाजको आर्थिक तथा सामाजिक संरचना सञ्चालन भइरहे पनि उनीहरूको न त उचित मूल्याङ्कन हुन्छ, न त सम्मानजनक मान्यता नै स्थापित हुन सक्छ। बरु कतिपय अवस्थामा उनीहरूको श्रमलाई सामान्य वा गौण रूपमा लिइन्छ, जसले उनीहरूको सामाजिक स्थिति अ   कमजोर बनाउँछ (श्रेष्ठ, २०६८ पृ. २०) । फलस्वरूप उनीहरू निरीह, असहाय र निरन्तर उपेक्षित अवस्थामै जीवन बिताउन बाध्य हुन्छन् । वर्गीय तथा सामाजिक संरचनाभित्र सवाल्टर्न वर्गका व्यक्तिहरूले आफ्नो पहिचान र अस्तित्व जोगाउन अत्यन्त कठिनाइपूर्ण परिस्थितिको सामना गर्नुपर्दछ । गरिबी, अभाव र अवसरको कमीका कारण उनीहरूले आफ्नो जिम्मेवारी तथा कर्तव्यसमेत प्रभावकारी रूपमा पूरा गर्न नसक्ने अवस्था सिर्जना हुन्छ। आर्थिक अभावकै कारण उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी तथा समग्र जीवनस्तरमा गम्भीर नकारात्मक प्रभाव पर्दछ । यसले उनीहरूको विकासको सम्भावनालाई सीमित बनाउँछ । फलस्वरूप त्यस वर्गका मानिसहरूको न त अपेक्षित उन्नति हुन सक्छ, न त पर्याप्त प्रगति नै सम्भव हुन्छ। उनीहरू जस्तोसुकै गरिबी, अभाव र जटिल परिस्थितिका बीचबाट पनि आफ्नो जीवन धान्न, परिवारको अस्तित्व जोगाउन तथा दैनिक आवश्यकताहरू पूरा गर्न निरन्तर संघर्षरत रहन बाध्य हुन्छन्। यही यथार्थले सवाल्टर्न चेतनाको मूल मर्मलाई स्पष्ट रूपमा अभिव्यक्त गर्दछ।

## कथावस्तु र शीर्षकीय सन्दर्भ

चीत्कार कथाको शीर्षक एकपदीय पदावलीको सरचनामा बनेको छ । यसले कुनै व्यक्ति कसैको जबर्जस्तीमा परेर ठुलो र चर्को स्वरले अत्तालिएर कराउँदाको आवाजलाई बु  उँछ। चित्कार कोही कसैको उत्पीडनको पीडाले उत्पन्न चिच्याहट हो। प्रस्तुत कथाकी मुख्य सवाल्टर्न पात्र वादी सुदायकी १४ वर्षकी किसोरी हो । उसले ३२ वर्षे युवकको व्यावसायिक सम्भोग क्रीडाको पीडालाई सहन नसकी निकालेको पीडायुक्त चिच्याहटलाई कथामा चित्कार भनिएको छ । कथाको शीर्षकले कथावस्तुको मूल सन्दर्भलाई व्यक्त गरेको

देखिन्छ । बादी जातिको यौन व्यापारको बाध्यात्मक विषयलाई नेपाली समाजमा सामाजिक कुसंस्कारको रूपमा चित्रण गरिएको छ । वादी समुदायको आर्थिक अवस्थाले जन्माएका घटनाको यथार्थ र कारुणिक प्रस्तुति यस कथामा भएको छ।

राणा प्रधानमन्त्री श्री ३ देवशम्शेरका पालामा गीत, नृत्य, वाद्यवादन आदिका लागि भारतको उडिसाबाट ल्याइएका गन्धर्वजातिले आफ्नो पेशाबाट जीवनयापन गर्न मुस्किल परेपछि वेश्यावृत्ति गर्ने प्रथा नै वादी प्रथा हो । पहिले गीत गाउने तथा नृत्य गर्ने यी महिलाहरु वादीमा परिणत भए । लैंगिक दृष्टिले हेर्दा बज्यै, आमा र छोरीको तीनपुस्ता यौन व्यापारमा संलग्न हुनु वादी जातिका महिलाहरूको बाध्यात्मक अवस्था हो । उनीहरूले शरीरको व्यापारबाट आफ्नो जीवन चलाएका र शरीर व्यापारलाई आफ्नो पुस्तेनी पेशाको रूपमा अंगाल्दै आएका छन् । परम्परावादी सोचाइका कारण कथामा उनीहरू आफ्नो पेशालाई आस्थाको केन्द्रमा राखी शरीरको विक्रीमा समर्पित भएका छन् । उनीहरू जतिवेला पनि अर्काको ओच्छ्यान बन्न तयार हँदा पनि पेटभरी खान सक्ने अवस्थामा पुगेका छैनन् । आफ्नो शरीरको विक्री गरेर एक गास तातो खान पाइने आशमा यिनीहरू आधारातसम्म पनि परपुरुषको आगमनको प्रतीक्षामा चिसो दाउरा अँगेनामा ओइरिएर त्यसैको धुवाँमा आफ्नो आँखाबाट आँसु  ारिरहेका हुन्छन् । प्रतीक्षाको घडीमा परिपक्व महिलाहरू मात्र नभएर ओठ निचोर्दा दुध आउने तथा लाऊँ लाऊँ र खाऊँ खाऊँ उमेरका किसोरी पनि रहन्छन् भन्ने कुरालाई कथामा स्पष्ट रुपमा चित्रण गरिएको छ। त्यसक्रममा भर्खर १४ टेकेकी किशोरी पनि आफ्नी बज्यैको परम्परा थाम्ने कार्यका लागि बज्यैको आज्ञा शिरोपर गरी बसेकी हुन्छे । त्यो खेल्ने उमेरकी छ, खेलाउने उमेरकी होइन । उसको उमेरका सम्भ्रान्त वर्गका छोरीहरु स्कूल जान्छन् गृहकार्य गर्छन् र आफ्ना बालसखीहरूसँग रमाएर दिन बिताउँछन । त्यसको ठिक विपरीत आज त्यो वादी समुदायकी १४ वर्षे बालिका आवाज विहीन सवाल्टर्नको स्थितिमा पुगेकी छ । जसलाई पुरुषसँग सुत्ने इच्छा नहुँदा नहुँदै पनि आज शरीर ओच्छ्याउनु पर्ने र कसैको भोग्या वस्तु बन्नुपर्ने परि स्थितिमा धकेलिएको छ। यो उनीहरूको पेशा, बाध्यता र विवशता पनि हो। यी केवल यस कथाका पात्रहरू मात्र नभएर समग्र बादी महिला जातिका प्रतिनिधि पात्रहरू हुन् । उनीहरू आज निस्सार जीवनको भोगाइमा आफ्नो जीवन बाँचिरहेका छन् । यसरी नेपाली समाजको एउटा राष्ट्रिय समस्याकै रूपमा रहेको प्रस्तुत महिला समूहको जीवनको सास्कृतिक पक्षको सवाल्टर्न चेतनालाई प्रस्तुत कथाले सबल रूपमा अभिव्यक्त गरेको देखिन्छ। यसले निम्न वर्गीय सवाल्टर्न बादी महिलाहरुको सामाजिक समस्यालाई जीवन्त रूपमा चित्रण गरेको देखिन्छ।

**प्रतिनिधित्वको सन्दर्भमा जातीय सवाल्टर्नको स्वरुप**

प्रतिनिधित्वका दृष्टिले हेर्दा यस कथामा मुख्यत नारी समुदायको प्रतिनिधित्व र उपस्थिति रहेको छ। त्यसमा पनि मुख्यतः बादी महिलाहरू जो आफ्नो शरीरको विक्री गरेर जीवन निर्वाह गर्न बाध्य छन् तिनीहरू नै यस कथाका मुख्य पात्रहरू हुन्। वादी समुदायकी १४ बर्षे किसोरी यस कथाकी मुख्य पात्र हो। उसको पीडा जन्य स्वर चित्कार बनेर कथामा अभिव्यक्त भएको छ। नेपालको तत्कालीन विमर्शात्मक संरचनामा राखेर हेर्ने हो भने वादी महिलाहरू पूर्णत सत्ता र शक्तिको सामन्ती सरचनाद्वारा सीमान्तीकृत बनाइएको जाति हो । उनीहरू पूर्णत सवाल्टर्न वर्गमा पर्दछन् । त्यतिमात्र नभएर यो महिला जातिगत समूह अहिले पनि त्यही र त्यस्तै अवस्थामा रहेको देखिन्छ । नेपालका खासगरी बाँके, दाङ लगायतका जिल्लाहरुमा अहिले पनि वादी समुदायका महिलाहरू वेश्यावृत्ति गरेर जीवनयापन गर्न बाध्य छन् । सिंहदरवारकै मूल गेटमा आफ्नो अर्धनग्न शरीरको प्रदर्शन गर्दै वादी समुदायकी महिलाले रोजी रोटीको लागि व्यवस्था गरिदिन आग्रह गरिनुले उक्त जाति सीमान्तीकृत अवस्थामा रहेको कुरा प्रष्ट देखिन्छ । ती आवाज विहीनहरूको आवाज जो परिधिमा रहेका छन् तिनीहरुको आवाज अहिलेसम्म पनि सत्ताको केन्द्रमा रहेको प्रभुत्वशाली वर्गले सुनेको अवस्था छैन। यस घटनाले पनि कथामा सवाल्टर्न वर्गका रुपमा वादी समुदायका महिलाहरुको प्रतिनिधित्व सघन रूपमा उपस्थित भएको देखिन्छ।

शैक्षिक दृष्टिले पनि वादी जाति पूर्णत मूलधार भन्दा बाहिर र अवसरबाट बञ्चित रहेको छ भन्ने तथ्यलाई

कथामा स्पष्ट रुपमा देखाइएको छ । उक्त कुरालाई कथाकी प्रमुख पात्र वादी समुदायकी १४ वर्षे किशोरीको शैक्षिक अवस्थाले देखाएको छ। कथामा प्रयुक्त साक्ष्यले पनि जातीय शैक्षिक अवस्थालाई थप प्रस्ट पार्दछ : यो उमेर खेल्ने, खाने हो, खेलाउने होइन । सहर बजारका मान्छेको कुरा गर्ने हो भने पढ्ने उमेर हो, स्कूलमा पुस्तक च्यापेर जाने उमेर हो, पुरुष च्यापेर वस्ने उमेर होइन (बराल र घिमिरे २०६५ पृ.२२२ )।

माथिको साक्ष्यबाट वादी समुदायका नारी जातिको वास्तविक अवस्था र तथ्यको पुष्टि हुन्छ । सामाजिक संरचना तथा संस्कारको प्रभावले गर्दा वादी समुदायकी १४ बर्षे किशोरी बूढी बज्यैले सिकाएको र देखाएको बाटोमा तालिम लिन तत्पर देखिन्छे । उसमा शिक्षा र ज्ञानको कुनै चेतना नभएको अवस्था छ । उसमा मात्रै होइन त्यो समुदायका महिलाहरू नै शिक्षाको उज्यालो घामबाट बञ्चित रहेको तथ्य कथामा स्पष्ट देखिन्छ । ज्ञान शक्तिको स्रोत हो भन्ने उत्तर सरचनावादी फुकोको विचारलाई आधार बनाएर हेर्ने हो भने पनि ज्ञानबाट बञ्चित ती बादी जातिका महिला समूहहरू त्यसरी शरीरको व्यापारमा लाग्ने परिस्थितिमा पुग्नु र बाध्य हुनु राज्य शक्तिकै मूल कारण हो भन्न सकिन्छ । ज्ञानको अभावमा उनीहरू सीमान्तीकृत अवस्थामा पुगेका छन् । पितृसत्तात्मक समाजको भोगवादी प्रवृत्तिका सिकारका रूपमा प्रस्तुत कथाका वादी समुदायका महिला पात्रहरु सवाल्टर्न बन्न पुगेका देखिन्छन् । यसरी कथाकार ध्रुव सापकोटाले आफू पुरूष भएर पनि गैर सवाल्टर्नका तर्फबाट सवाल्टर्न समूहका बादी महिलाको शक्ति हीनताको अवस्थालाई यथार्थ रुपमा प्रकट गरेका छन्। यसको साथै गरिबीको कारण उत्पन्न कारुणिक अवस्था तथा नारकीय जीवन व्यतित गर्न बाध्य बादी महिलाहरूको शक्तिहीन र आवाजविहीन अवस्थालाई कथामा प्रस्तुत गरेका छन्।

प्रस्तुत कथामा शिक्षा र ज्ञानबाट वञ्चित भएर राज्यबाट अनागारिकको स्थितिमा पुऱ्याइएका बादी समुदायका महिलाहरूको विद्रुप र पीडादायी पक्षको प्रस्तुति छ। त्यसको अतिरिक्त कथाकारले कथामा वादी महिलाहरूको जीवन शैली र सस्कृतिलाई पनि प्रस्तुत गरेको देखिन्छ। वादी महिलाहरू सधैँ जसो साँ परेपछि अगेँनामा नै आगो तापेर बस्नु र पुरुषहरूको प्रतीक्षा गर्नुले उक्त कुरालाई स्पष्ट पार्दछ। चुरोट तानेको तान्यै गर्नु, ६० वर्षको उमेरसम्म पनि आफूले नसकेपनि आफ्ना छोरी र नातिनीलाई शरीरको व्यापारका लागि पसल थापेर बस्नु, ईश्वरमा पूर्णत विश्वास गर्नु जस्ता विषयहरू मूलत यिनै बादी महिला जातिका दैनिकी हुन्। यी विषयहरू कथामा प्रस्ट रूपमा देखिएका छन् । यस प्रकारको जीवनशैली पनि वास्तवमा मुलधार भन्दा पृथक् र परिधिमै रहेको अवस्था हो । यसबाट पनि उनीहरू सवाल्टर्न बर्ग नै हुन भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यसरी प्रस्तुत कथालाई समाल्टर्न चेतनाका दृष्टिले हेर्दा यस समुदायका ती बादी महिलाहरू शिक्षा र ज्ञान शक्तिबाट बञ्चित गराइएका देखिन्छन् । उनीहरू नेपाली समाजका नारीहरूमध्ये पनि मूल धारबाट सबाल्टर्नको स्थितिमा पुऱ्याइएका नारीहरुका रूपमा कथामा उपस्थित भएका छन्। ज्ञान र शिक्षाबाट बञ्चित भएपनि आफ्नो जनजीवन विकासका सवालमा शरीर नै बेचेर भए पनि बाच्नु पर्छ भन्ने मान्यता उनीहरूको रहेको छ । जुन कुरालाई बुढी बदीनीले नातिनीलाई भनेको कथाको सवादलाई साक्ष्यका रूपमा यस प्रकार प्रस्तुत गरिएको छ : भोलि भोकै मर्नुछ भने जा (गरिमा पृ.२२ )। उपर्युक्त सन्दर्भले पनि वादी जातिको जातीय पेशा र अवस्थालाई पुष्टि गर्दछ। प्रतिनिधित्वका दृष्टिले कथामा पूर्णत बादी समुदायका महिलाहरू जो सवाल्टर्नको अवस्थामा छन् तिनीहरूको जातीय प्रतिनिधित्व मवाल्टर्नका रूपमा कायमा रहेको देखिन्छ।

**वर्गीय सामाजिक संरचनामा आर्थिक सवाल्टर्नको चित्रण**

नेपाली समाज विभिन्न वर्गमा विभाजित छ । समाजमा वर्गीय हिसाबले देशको शक्ति र सत्ता जहिले पनि उपल्लो वर्गमै सीमित रहेको अवस्था छ। जसको कारण देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित उच्च वर्गका हातमा रहन गएको देखिन्छ । त्यसैले नेपाली समाजमा उत्पादन र वितरणमा असन्तुलन रहेको छ। प्रस्तुत कथामा पनि सामान्तवादी समाज व्यवस्थाका कारण आर्थिक दृष्टिले अत्यन्त दारुण जीवन भोग्न बाध्य सवाल्टर्न बादी महिलाहरूको उपस्थिति रहेको छ। उनीहरू राज्य र सरकारबाटै उपेक्षित भएर परिधिमा पुऱ्याइएका छन्। वर्गीय दृष्टिले उनीहरू गरिब उत्पीडित

र सवाल्टर्नको अवस्थामा रहेका छन्। सामाजिक दृष्टिले पनि उनीहरू अत्यन्त कमजोर वर्गमा देखिन्छन् । यस प्रसङ्गमा कथाका घटना पात्र र उनीहरूका जीवन भोगाइका सन्दर्भबाट पनि बादी समुदायका महिलाहरूको वर्गीय सामाजिक संरचनामा आर्थिक सवाल्टर्नको विश्लेषण गर्नु सान्दर्भिक हुन आउंछ।

आर्थिक दृष्टिले बादी महिलाहरू सवाल्टर्नको अवस्थामा रहेका छन्। उनीहरुको ऐतिहासिक सन्दर्भलाई नै हेर्ने हो भने पनि नृत्य गीत र वाद्यवादन पेशाबाट प्रशस्त आम्दानी गर्न नसकी उक्त पेशाबाट विस्थापित भएर शरीरको व्यापारमा सम्लग्न भएको विद्यमान अवस्था छ। आर्थिक अवस्थाकै कारण आज त्यस समुदायकी बृद्ध महिला आफ्ना छोरीहरुको शरीरको विक्रीका लागि पसल थापेर बसेको अवस्थालाई चित्कार कथामा स्पष्ट रूपमा चित्रण गरिएको छ। कथामा प्रयुक्त यस प्रकारको सवालले पनि उनीहरुको आर्थिक अवस्थालाई स्पष्ट पार्दछ : बज्यै आँखा पिरो भयो म सुत्न जान्छु .. बुढी बदेनी भन्छे – भोलि भोकै मर्नु छ भने जा (गरिमा पृ. २२)।

यस साक्ष्यवाट स्पष्ट हुन्छ कि उनीहरू शरीरको बिक्रीका लागि धेरै समय प्रतीक्षामा हुन्छन् । तीन तीन जनाले शरीरको बिक्री गर्दा पनि उनीहरुले एकछाक पेटभरि खान नपाएको अवस्था देखिन्छ। आर्थिक उपार्जन गर्नुपर्ने पुरुषको उपस्थिति पनि घरमा शून्य नै देखिन्छ। भएका पनि जाँड पिउन निस्किन्छन्। उनीहरू कहिल्यै पनि अर्थोपार्जनमा सम्लग्न भएको देखिदैन। सम्पूर्ण परिवार नै त्यही महिलाले गर्ने आयआर्जनमा बाँचेको अवस्था रहेको देखिन्छ। कथामा प्रयुक्त बादी महिलाहरूले परम्परा देखि शरीरको व्यापार गरेता पनि आजसम्म उनीहरूको जीवनमा कुनै परिवर्तन आएको छैन। ६० वर्षसम्म पनि आफ्नो शरीर व्यवसायलाई निरन्तरता दिनका लागि छोरी र नातिनीका शरीरको पसल थापेर ग्राहकको प्रतीक्षामा बसिरहनु , अंध्यारोमा सच्याङ सुरुङ मान्छेको पाइतालाको आवाज सुनेर आफ्नो शरीरको विक्री हुने आशमा उत्साहित हुनु र तातो तातो भात, गोलभेडाको अचार सबै परिवार बसेर मीठो मानेर खाएको कल्पनामा रमाउनुले पनि वास्तविक रुपमा त्यस समूहका महिलाहरुको दयनीय र कारुणिक आर्थिक अवस्थाको दारूण चित्रलाई उजागर गरेको देखिन्छ । यसरी कथामा वादी समुदायका महिलाहरू आर्थिक रूपले सवाल्टर्न वर्गको प्रतिनिधि पात्रका रूपमा आएका छन्।

प्रस्तुत कथामा वर्गीय आर्थिक चित्रणका सन्दर्भमा सीमान्तीकृत सवाल्टर्न बर्गका बादी महिनाहरूको शरीरको विक्रीको अवस्थालाई प्रभावकारी ढङ्गले उठाइएको छ । नेपाली समाजमा शरीरको उपभोगको संस्कृति र बेचविखनको संस्कृति तत्कालीन विमर्शात्मक संरचनामा पनि उच्च स्थिति नै थियो भन्ने तथ्यलाई कथामा प्रस्तुत गरिएको छ । वास्तवमा यो सामन्ती राज्य सत्ताको कारणले नै सिर्जित अवस्था हो । यसमा महिलाहरू र वर्गीय हिसाबले उपेक्षित र उत्पीडित त छँदै थिए, त्यसमा पनि अ बादी महिलाहरूको शरीर विक्रीको सस्कृति अ मौलाएको अवस्थामा छ भन्ने कुरा कथामा व्यक्त सन्दर्भले नै पुष्टि गरेको देखिन्छ। शरीर विक्रीको यी संस्कृति यही जातिमा मौलाउनुमा मूलतः २ वटा कारणहरु थिए । पहिलो हो पितृसत्तात्मक समाज जहाँ पुरुषहरू नारीलाई आनन्द र मनोरञ्जनको बस्तु ठान्ने गर्दछन् । अर्को तिर राज्यबाट सीमान्तीकृत अवस्थामा पुऱ्याइएका महिलाहरूको बाँच्ने वैकल्पिक पेसा र रोजगारीको अवसर नभएको कारण ती महिलाहरू उत्पीडित र उपेक्षित छन्। जसको कारण वादी समुदायका महिलाहरू शरीर विक्री गरेर आफ्नो प्राण र बालबच्चा पाल्न बाध्य छन्। यिनै कारणले पनि यो शरीर व्यापारको आर्थिक संस्कृति स्वभाविक रूपमा उपसंस्कृतिवाट मूल संस्कृतिमा समाहित हुन आइसकेको अवस्था छ। चीत्कार कथामा यी विषयहरू सशक्त रुपमा अभिव्यक्त भएको अवस्था छ। यसरी कथाकारले गैर सवाल्टर्न पुरूष भएर पनि महिला र त्यो पनि बादी समुदाका यौन व्यवसायी महिलाहरूको आवाजलाई कथामा अभिव्यक्त गराउने प्रयास गरेका छन् । यसले कथामा सामान्ती आर्थिक व्यवस्था तथा संस्कार र संस्कृतिले विकसित गरेको आर्थिक तथा बर्गीय सबाल्टर्नको अवस्थालाई राम्ररी उद्घाटन गरेको देखिन्छ।

आर्थिक कारणले गर्दा कथामा प्रयुक्त बादी महिलाहरूले न त पेटभरि नै खान पाएका छन् न त

रातभरि आरामले सुत्न पाएका छन् । उनीहरूको जीवन भोगाइ यति कष्टकर छ कि १४ वर्षकी किशोरीले ३० वर्षे ठिटोको सम्भोग क्रियाको पीडा सहन गर्न नसकी चिच्याउनु परेको अवस्था छ अनि ६० वर्ष देखि यौन पेशालाई पुस्तेनी पेशाका रूपमा अँगालेकी बूढी यस कथाको आर्थिक सीमान्तकृत भोगाइको पात्रका रूपमा देखापरेकी छ।

## निष्कर्ष

नेपाली समाजमा सीमान्तीकृत समुदायहरूप्रति मानव मूल्य, अधिकार तथा सम्मानको तिरस्कार गरिएको अवस्था एक गम्भीर सामाजिक विभेदको रूप हो । चीत्कार कथामा पनि वादी महिलाहरू तत्कालीन सामन्ती सोच र पितृसत्तात्मक समाज व्यवस्थाका कारण मनोरञ्जनका साधनका रूपमा प्रयोग गरिएका छन् भन्ने यथार्थ स्पष्ट रूपमा चित्रित गरिएको छ। उनीहरू समाजका गन्यमान्य तथा प्रभावशाली व्यक्तिहरूबाटै यौन शोषणको सिकार बन्दै आएका छन्, जसले उनीहरूको जीवनलाई थप जटिल र पीडादायी बनाएको छ। समयक्रमसँगै परम्परागत वाद्यवादन तथा नाचगानको पेशाबाट मात्र जीविकोपार्जन सम्भव नहुने परिस्थितिले उनीहरूलाई बाध्यतावश देह व्यापार अपनाउन विवश बनाएको देखिन्छ। यही बाध्यात्मक परिस्थितिका कारण नेपाली समाजमा उनीहरू निरन्तर रूपमा अपहेलित हुँदै कथित तल्लो वर्गको रूपमा वर्गीकृत गरिएका छन् । यसरी उनीहरूको सामाजिक पहिचान निर्माण नै विभेदपूर्ण दृष्टिकोणबाट प्रभावित भएको देखिन्छ, जुन यस कथाको मूल सामाजिक तथा सांस्कृतिक यथार्थ पनि हो । समाजमा विद्यमान लैङ्गिक विभेद पनि सवाल्टर्न अध्ययनको महत्त्वपूर्ण पक्षका रूपमा देखा पर्दछ। प्राकृतिक रूपमा नारी र पुरुष दुई वर्ग भए पनि सामाजिक संरचना र पितृसत्तात्मक सोचका कारण नारी वर्गले लामो समयदेखि उपेक्षित जीवन बिताउन बाध्य हुनुपरेको अवस्था छ। यस प्रक्रियाले एकातिर मानवीय मूल्य र समानताको सिद्धान्तको अवमूल्यन गरेको छ भने अर्कातिर पितृसत्तात्मक संस्कृतिको प्रभुत्वका कारण महिलाहरूलाई स्वतः सवाल्टर्न अवस्थातर्फ धकेलेको छ । आर्थिक अधिकारबाट वञ्चित गरिनु, सामाजिक निर्णय प्रक्रियाबाट अलग राखिनु तथा सार्वजनिक भूमिकामा सीमित गरिनु जस्ता कारणहरूले महिलाहरूको स्थिति कमजोर बनेको देखिन्छ । उनीहरूलाई यौनिक दृष्टिकोणबाट मात्र हेरिनु, मनोरञ्जन र भोग्य वस्तुका रूपमा व्यवहार गरिनु जस्ता सामाजिक संस्कारका कारण पनि महिलाहरू सवाल्टर्न बन्न बाध्य भएका छन् । यस आधारमा विश्लेषण गर्दा कथाकार ध्रुव सापकोटाको चीत्कार कथामा वादी समुदायका महिलाहरूले भोग्नु परेको उत्पीडन, शोषण तथा सामाजिक बहिष्करणका कथा र व्यथाहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक तथा लैङ्गिक सवाल्टर्नका रूपमा अत्यन्त सशक्त रूपमा चित्रण गरिएको स्पष्ट हुन्छ । यसले नेपाली समाजमा विद्यमान संरचनागत विभेद र सीमान्तीकृत समुदायको वास्तविक अवस्थालाई उजागर गर्ने महत्त्वपूर्ण साहित्यिक प्रयासको रूपमा कथालाई स्थापित गरेको छ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव. (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन.

कार्की, महेश. (२०७२). *नयनराज पाण्डेका उपन्यासमा सवाल्टर्न* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर.

कोइराला, कुमारप्रसाद. (२०७०). *नेपाली आख्यानको अध्ययन.* वाणी प्रकाशन.

कोइराला, नरेन्द्रप्रसाद. (२०७०). *विकलका कथामा सीमान्तीयता* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर.

खनाल, मीना. (२०६१). *ध्रुव सापकोटाको जीवनी, व्यक्तित्व र कृत्वि* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर.

जोशी, कुमारबहादुर. (२०६२). विकीर्ण चिन्तन. *कान्तिपुर राष्ट्रिय दैनिक.*

ज्ञान, प्रकाश. (सन् १९९४). सवाल्टर्न स्टडिज एण्ड पोष्ट कोलोनियल क्रिटिसिजम, *अमेरिकन हिस्टोरिकल रिभ्यु.*

पाण्डेय, ताराकान्त. (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन.

बराल, ऋषिराज. (२०७३). *मार्क्सवाद र सवाल्टर्न अध्ययन.* साझा प्रकाशन.

भट्टराई, रमेशप्रसाद. (२०७०). *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू.* भृकुटी एकेडेमिक पब्लिकेशन.

सापकोटा, ध्रुव. (२०५१). चित्कार. *गरिमा.*

रेग्मी, हरिप्रसाद. (२०५७). *इस्मालीको जीवनी, व्यक्तित्व र कृत्त्वि* (स्नात्तकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय.

वार्कर, क्रिस. (सन् २०१२). *कल्चरल स्टडिज थ्यौरी एण्ड प्राक्टिस.* सेज पब्लिकेसन.

शर्मा, मोहनराज. (२०७०). *अवरजन अध्ययन र साहित्य.* भृकुटी एकेडेमिक पब्लिकेशन.

श्रेष्ठ, तारालाल. (२०६८). *सत्ता, शक्ति र सबाल्टर्न.* ओरन्टिएल पब्लिकेशन.

सुवेदी, अभि. (२०७१). *सवाल्टर्न, इतिहास र बोली* (सम्पा.) राजेन्द्र सुवेदी.जुगल सैद्धान्तिक नेपाली समालोचना. जुगल पब्लिकेसन.